# राष्ट्रिय आवास कम्पनी लिमिटेड

## योजना कार्यालय काँकरभिट्टा झापा

(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)
मेचीनगर-८ जोरसिमल झापा

ईजलास राष्ट्रिय दैनिक वर्ष ६ अंक ३२२ मिति २०८२।१२।८ को अंकमा प्रकाशित

# पुरानो भवन तथा घर घडेरी जग्गा बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०८

यस योजनाद्वारा जिल्ला झापा मेचीनगर-८ जोरसिमलमा सञ्चालित जोरसिमल आवास तथा बजार क्षेत्र र भद्रपुर न.पा.२ पृथ्वीनगर आवास तथा बजार क्षेत्र (कार्यालय कम्पाउण्ड)को बिक्री हुन बाँकी केही घर घडेरीहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिने भएकोले हुँदा इच्छुक नेपाली नागरिक एवं संस्थाहरुले खरिद गर्न चाहेको घडेरीको मूल्य अंक र अक्षरमा प्रष्ट उल्लेख गरी नागरिकताको फोटोकपी एवं संघसस्था भए नवीकरण गरिएको फर्मको दर्ता प्रमाण पत्रको प्रमाणित फोटोकपीसहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा आई तपशिलमा उल्लेखित शर्त र बन्देजमा रही शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

### बिक्री गरिने जग्गाको विवरण

जोरसिमल आवास तथा बजार क्षेत्र मेचीनगर ८ जोरसिमल, झापा

| क्र.स | श्रेणी | कित्ता नं. | क्षेत्रफल (व.मि.) | न्यूनतम बिक्री मूल्य प्रति व.मि | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| १ | उच्च | २४४९ | ५०३.०० | ५७३०/५० | २८,८२,४४१/५० |
| २ | शैक्षिक क्षेत्र | २५३० | १९१५.०० | ५३३६/१० | १,०२,१८,६३१/५० |

पृथ्वीनगर आवास तथा बजार क्षेत्र भद्रपुर-२, झापा

| क्र.स | श्रेणी | कित्ता नं | क्षेत्रफल (व.मी) | न्यूनतम बिक्री मूल्य प्रति व.मी | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क | ११३६,११३७+(भवन) | ३४०.०० | २१३० | ९३७६४८/७५ | घडेरी रु ७,२४,२००।- भवन रु २,१३,४४८।७५ |
| २ | ख | ११२६ ] | १७०.०० | २१३० | ३६२१००।- | |
| ३ | ख | ११२७ | १७०.०० | २१३० | ३६२१००।- | |
| ४ | ख | ११४७ | २५५.१५ | २१३० | ५४३४६९/५० | |
| ५ | ग | १०९० | १७०.०० | २१३० | ३६२१००।- | |
| ६ | घ | १०८३ | १७०.०० | २१३० | ३६२१००।- | |

१) बोलपत्र फारम दस्तुर रु. ३०००/- तीन हजार (पछि फिर्ता नहुने)
२) प्रत्येक बोलपत्रको लागि बेग्ला बेग्लै बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले घर घडेरीको स्थलगत अवलोकन गर्नु पर्नेछ। घर घडेरी जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्ने छ।
३) घर घडेरी लिने व्यक्ति, संस्थाले एक मुष्ठ घर घडेरीको बोलपत्र पेश गरी बोलपत्र बाहिर घर घडेरी भनी उल्लेख गर्नु पर्ने छ।
४) खरिद गर्न चाहेको घडेरीको कबोल अंकको १०% प्रतिशतले हुने रकम यस कम्पनीको नाममा रहेको नेपाल बैंक लि. काँकरभिट्टा शाखामा रहेका च.हि.नं.१०६००१००४७९०५२००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ। अलग घडेरीको अलग धरौटी राख्नु पर्ने छ। बैंक भौचरको पछाडि बोलपत्रदाताको नाम, थर, ठेगाना, मोबाइल नं. र आफूले खरिद गर्न चाहेको घर घडेरीको कित्ता नं. र क्षेत्रफल उल्लेख गर्नुपर्नेछ।
५) बोलपत्र योजना कार्यालय काँकरभिट्टा र केन्द्रीय कार्यालय, बुद्धनगर काठमाडौंबाट खरिद गर्न सकिनेछ।
६) बोलपत्र ३० औं दिनभित्र कार्यालय समयमा पेश गरिसक्नु पर्नेछ।
७) बोलपत्र ३१ औं दिन दिनको २.०० बजेपछि योजना कार्यालय काँकरभिट्टामा विभिन्न कार्यालयका प्रतिनिधिको रोहवरमा खोलिनेछ।
८) बोलपत्र साथ रु. १०/-नगद नत्थी गर्नु पर्नेछ।
९) बोलपत्र खरिद गर्ने र बुझाउने अन्तिम दिन र खोल्ने दिने सार्वजनिक बिदा परेमा सोको भोलि लगत्तै कार्यालय खुलेको दिन सो कार्य गरिनेछ।
१०) घर घडेरी खरिदको लागि छनौट भएको बोलपत्रको बाँकी ९०% प्रतिशत रकम बोलपत्र स्वीकृत भई सूचना दिएको मितिले ३५ दिन भित्र सि.नं.४ मा उल्लेखित खातामा रकम जम्मा गर्नु पर्नेछ। तोकिएको मितिमा बाँकी रकम नबुझाएमा धरौटी रकम जफत गरिनेछ र घडेरीको दावी गर्न पाउने छैन।
११) म्यादभित्र प्राप्त बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिहरुको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने दिन बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
१२) बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।
१३) शैक्षिक क्षेत्रको हकमा प्रचलित कानुन बमोजिम दर्ता भएका शैक्षिक संस्थाहरुले संस्थाको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्ने छ।
१४) अन्य कुरा कम्पनीको नियम र प्रचलित ऐन नियम अनुसार हुनेछ।
१५) विस्तृत जानकारी लागि यो.का.को मोबाइल नं. ९८४८६१२७७४ र के.का.को फोन न.०१-४७९०५३२ र ०१-४७९०५३१ मा सम्पर्क गर्न सकिनेछ।

प्रेस, बिर्तामोडमा मुद्रित, कार्यालय बिर्तामोड-४, झापा। फोन : ०२३-५३५०२८ । Gmail : ijalaasdaily@gmail.com ।
र्तामोड। कार्यालय प्रतिनिधि : ९८२४००१८३० । सम्पादक : प्रदीप परियार